
जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक ५२ • २०८० मंसिर २९ गते शुक्रवार • 15 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## थमन बिक हत्या प्रकरणमा लोसपा नेता शर्मा सहित ७ जनालाई जन्मकैद, लक्ष्मीले पाए सफाई

गणेश कुमार सिंह
गौशाला, २८ मंसिर



सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतले लोसपा संसदीय दलका नेता अभिराम शर्मासहित ७ जनालाई जन्मकैदको फैसला सुनाएको छ। यस्तै नेकपा एमालेका प्रतिनिधिसभा सदस्य लक्ष्मी महतोसहित दुईजनालाई सफाई दिएको छ। २५ भदौ २०७२ मा भएको असई बिक हत्या प्रकरणमा २८ साउन २०७५ मा महोत्तरी जिल्ला अदालतमा २८ जनाविरुद्ध कर्तव्यज्यान मुद्दा दर्ता भएको थियो । आज जिल्ला अदालत महोत्तरीको न्यायाधीश उद्धव प्रसाद भट्टराईको दुई नम्बर इजलासले आज अन्तिम फैसला सुनाएको छ। अदालतकी श्रेष्तेदार

*बांकी पृष्ठ २*

## नाउपाले प्रधानमन्त्रीसँग खोज्यो राष्ट्रियसभा निर्वाचनमा भाग

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २८ मंसिर



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर सत्ता साझेदार नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले राष्ट्रिय सभामा भाग खोजेको छ। नाउपा संरक्षक रेशमलाल चौधरी र अध्यक्ष तथा भूमि व्यवस्थामन्त्री रञ्जिता चौधरीले बिहीबार प्रधानमन्त्रीलाई भेटेर राष्ट्रियसभा निर्वाचनमा गठबन्धनको सिट बाँडफाँटमा भाग खोजेको हो । नाउपाका संरक्षक चौधरीले भने, 'राष्ट्रियसभा निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता भएको प्रधानमन्त्री ज्यूलाई जानकारी गरायौं । हामी गठबन्धनमा रहेकाले सिट बाँडफाँटमा समेटियोस् भन्ने कुरा राखौं।' माघ ११ गते राष्ट्रियसभाका १९ सिटको निर्वाचन हुँदैछ ।

*बांकी पृष्ठ २*

## आधा मूल्यमा सरकारी जग्गा बाँड्ने सरकारको तयारी

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २८ मंसिर





राष्ट्रिय भूमि आयोग के गर्दैछ ?

| | |
|---|---|
| नयाँ आवेदन | १३ लाख ५० हजार |
| पुराना आवेदन | ८६ हजार ४०० |
| प्रणालीमा प्रविष्ट | ९ लाख ८७ हजार |
| अव्यवस्थित बसोबासी परिवार | ७ लाख ५२ हजार |
| भूमिहीन सुकुम्बासी परिवार | १ लाख १३ हजार |
| भूमिहीन दलित परिवार | ७८ हजार ८८० |
| नापजाँच भएको कित्ता | २ लाख ३२ हजार |
| लालपुर्जा वितरण | ४ हजार ४०० वटा |
| राजस्व संकलन | ४८ करोड ५० लाख |

सरकारले सरकारी जग्गाको लालपुर्जा दिंदा अव्यवस्थित बसोबासीले तिर्नुपर्ने राजस्वलाई करिब आधा घटाउने तयारी गरेको छ। राष्ट्रिय भूमि आयोग गठन गरेर भूमिहीन, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रक्रिया अघि बढाएको सरकारले करिब १५ महिना अवधिमा जम्मा ४ हजार ४०० परिवारलाई मात्र लालपुर्जा वितरण गरेको छ । हालसम्म ७ लाख ५२ हजार अव्यवस्थित बसोबासी पहिचान गरिसकेको आयोगले जग्गा वितरणको प्रगति कमजोर भएको भन्दै राजस्व घटाउने प्रस्ताव गरेको हो। भूमिसम्बन्धी ऐन २०२१ ले विभिन्न सूचकहरुका आधारमा ८ देखि २०० प्रतिशतसम्म सरकारी राजस्व तिरेर अव्यवस्थित बसोबासीले जग्गाको लालपुर्जा लिन पाउने व्यवस्था गरेको छ। तर यति राजस्व तिर्दा गाउँघरमा

*बांकी पृष्ठ २*

## सीताराम विवाहपञ्चमीको तेश्रो दिन धनुष यज्ञ मनाइयो

जलेश्वरटुडे समाचारदाता
धनुषा, २८ मंसिर



सीताराम विवाहपञ्चमी महोत्सवको तेश्रो दिन आज जनकपुरधाममा धनुष यज्ञ मनाइँदै छ। त्रेता युगमा भगवान श्रीरामले धनुषा भाँचेर सीतासँग विवाह भएको धार्मिक मान्यता अनुसार आज भगवान् रामको प्रतिकात्मक रुप धारण गरेका बालबालिकाहरुले पनि धनुष भाँचेर धनुषयज्ञ मनाइँन्छ। रामायणमा वर्णन गरिए अनुसार पर्शुरामले मिथिलाका राजा जनकलाई उक्त धनुष प्रदान गरेका थिए। राजा जनकले धनुष उचाल्ने महाशक्तिशालीसँग मात्र छोरी सीताको विवाह गर्ने निधोका साथ धनुषयज्ञ आयोजना गरे। यसमा शक्तिशाली राजा र राजकुमारहरु सहभागी भएपनि कसैले धनुष हल्लाउन सकेनन् । आयोध्याबाट घुम्न आएका दशरथ पुत्र श्रीरामले यज्ञमा राखिएको धनुषलाई सहजै उठाएर प्रत्यन्जा लगाउन थालेपछि तीन टुक्रा भएको थियो। धनुषको तीन टुक्रामध्ये एक आकाश, एक धनुषाधाम र एक भारतको गिरिजास्थान गएको धार्मिक विश्वास छ । सप्ताहव्यापी विवाहपञ्चमीको पहिलो दिन मंगलबार नगरदर्शन र दोश्रो दिन बुधबार फुलबारी लीला सम्पन्न भइसकेको छ। आज बिहीबार धनुषयज्ञ मनाइँदै छ। चौथो दिन भोली ( शुक्रबार) तिल्कोत्सव, पाँचौदिन शनिबार मटकोर रहेको छ। आइतबार मुख्य दिन विवाह महोत्सव रहेको छ भने सोमबार रामकलेवा गरी विधिवत् रुपमा विवाहपञ्चमी महोत्सव समापन हुनेछ।

## जाडोको समयमा चिसोबाट बचौं



- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,



- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।



एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी

## जाडोको समयमा चिसोबाट बचौं



- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,



- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।



रामगोपालपुर नगरपालिकाको कार्यालय,जलेश्वर,महोत्तरी

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

# जलेश्वर टुडे

Jaleshwor Today Daily



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

### विवाहपञ्चमीलाई अवसरको रुपमा लिऔं

जनकपुरधाममा मनाइने सप्ताहव्यापी विवाहपञ्चमीलाई जनकपुरधामको अर्थतन्त्र सुधार्ने अवसरको रुपमा लिन सकिन्छ । अहिले आर्थिकमन्दीको कारण यहाँको व्यवसाय चौपट रहेको छ । यहाँका व्यवसायीहरु आजभोलि आर्थिक अवस्था राम्रो हुन्छ वा आर्थिक चहलपहल बढछ भने पर्खाईमा पक्कै पनि छन् । जनकपुरधाम पर्यटकीय नगरी हो । यहाँ विवाहपञ्चमीको बेलामा विभिन्न ठाउँहरुबाट पर्यटकहरु आउने गर्दछन् । खास गरेर भारत तथा अन्य विदेशी मुलुकहरुबाट समेत पर्यटकहरु आउने गर्दछन् । यहाँका स्थानिय व्यवसायीहरुले श्रद्धालु भक्तजन तथा आगन्तुकहरुको सहयोग हुने सेवामुखी व्यवसाय संचालन गरेर या आफ्नो परम्परागत व्यवसायलाई पूर्वतः संचालन गरेर आर्थिक लाभको अवसर प्राप्त गर्न सकिने छ । वास्तवमा अहिले त विवाहपञ्चमी हो र यतिबेला पक्कै पनि फरक लाभ प्राप्त गर्न सकिन्छ व्यवसायबाट । तर विवाहपञ्चमी पछि पनि नियमित रुपमा आफ्नो व्यवसायलाई स्थापित गर्न चुनौतिलाई अवसरको रुपमा लिन सक्नुपर्दछ । भनिन्छ अभाव नै अविष्कारको जननी हो । यस वर्ष जाडो बढेको कारण न्यानो कपडाको व्यवसाय संचालन गरेर राम्रो आम्दानी गर्न सकिन्छ । त्यस्तै फुलमालाका व्यवसायीहरु समेत अन्य दिन भन्दा यस अवधिमा राम्रै आम्दानी गर्न सक्ने छन् । होटेल तथा लाँज संचालकहरु समेत आगन्तुकहरुलाई खाना खुवाएर तथा बास दिएर आर्थिक लाभ प्राप्त गर्न सक्ने छन् । यसै गरी यातायातका साधनहरु संचालन गर्ने व्यवसायीहरु समेत राम्रो कमाई गर्न सक्ने अवसर प्राप्त गर्ने छन् । जानकी मन्दिरको प्रांगणमा संचालन भएको म्युजियमबाट नै राम्रो आम्दानी हुने सम्भावना देखिन्छ । जानकी मन्दिरको उत्तरतर्फ रहेको मरवामा समेत हेर्ने जाने व्यक्ति ताँती लागेको हुन्छ जहाँ टिकट कटाउनु पर्ने हुन्छ । अर्थात यस जनकपुरधाम नगर क्षेत्रमा संचालन भएका सबै किसिमका व्यवसायबाट राम्रो आम्दानी गर्न सक्ने अवसर सबैलाई भेटाउने आशा गरौं । हामी साकारात्मक रहौं । धैर्यता राखौं । पक्कै पनि हामीले मिहिनेत र प्रयासले यस आर्थिकमन्दीलाई अवसरमा परिणत गरी आफ्नो आर्थिक अवस्था राम्रो पार्न सक्छौं । यतिबेला यहाँका स्थानिय घर मालिकहरुले समेत व्यवसायीलाई सहयोग गर्न आवश्यक रहेको देखिन्छ । आर्थिकमन्दीको बखत सबैलाई समस्या भएको छ । त्यसकारण आफ्नो समस्या जस्तै अरुको पनि समस्यालाई बुझ्न सक्नुपर्दछ । मानवले मानवलाई नै सहयोग गर्दछ । त्यसकारण यो विवाहपञ्चमीलाई अवसरको रुपमा लिऔं ।

### थमन बिक ......

नुतन झाले दिएको जानकारी अनुसार अभियुक्तहरु अभिराम शर्मा, संजय कुमार साह, प्रदीप साह माझी, मोहन ठाकुर, धर्मेन्द्र राय, रामशंकर मिश्र र सुरेश पाण्डे जन्मकैद फैसला आएको छ । अभिराम शर्मा हाल लोसपा संसदीय दलका नेता हुन् । रामशंकर मिश्र जलेश्वर नगरपालिकाका पूर्व मेयर हुन् । यी दुईसहित चारजना तारेखमा छुटेका थिए । यस्तै लक्ष्मी महतो कोइरी र पवन कापर सफाई पाएका छन् ।

एम्बुलेन्सको आगजनी मुद्दामा पनि दुबैजनाले सफाई पाउने फैसला भएको श्रेस्तेदार झाले बताइन् । फरार रहेका प्रतिवादीहरुको हकमा मुल्तवी गरिएको छ । लक्ष्मी महतो यो मुद्दामा म्याद गुजारेर फरार रहेका थिए भने पवन कापर पुर्पक्षका लागि जेलमा छन् । सो मुद्दामा तीनजना पुर्पक्षका लागि थुनामा छन् भने चारजना तारेखमा रिहा भएका थिए । दुईजना तारेख गुजारेर बसेका छन् । १९ जना भने फरार रहेका छन् ।

कर्तव्य ज्यान मुद्दामा संदीप साह माझी, संजय कुमार साह र पवन कापर अदालतको आदेशमा पूर्वक्षका लागि थुनामा छन् । त्यस्तै लोसपा मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्मा, जलेश्वर नगर पालिकाका पूर्व मेयर रामाशंकर मिश्र, सुरेश पाण्डे र धर्मेन्द्र राय साधारण तारेखमा छुटेका थिए । । यो मुद्दाका अभियोगीहरु रमेश प्रसाद साह, सतेन्द्र चौधरी, चन्देश्वर साह, राजु चौधरी, नरेश साह, रामराजा साह, गोलु साह, हरिओमकुमार भगत, रविन्द्र राम चमार, रञ्जित साह, विकी साह, फुले यादव, रोहित कुमार शर्मा, लालबाबु बिन, सम्भु साह, अनित ठाकुर, अनिल ठाकुर, देवेन्द्र यादव र कौशल कुमार यादव फरार छन् । मधेश आन्दोलनको क्रममा २०७२ भदौ २५ गते हेटौंडाबाट राष्ट्रसंघीय मिसनका लागि आवश्यक परीक्षा दिएर ड्युटीको लागि महोत्तरी आएका असई थमन बिकमाथि महोत्तरीमा आन्दोलनकारीले आक्रमण गरेका थिए । घाइते बिकलाई जलेश्वर अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारको लागि एम्बुलेन्समा जनकपुर ल्याउँदै गर्दा महोत्तरीको साविक अनैठा गाविसमा आन्दोलनकारीले निकालेर कुटपिट गर्दा उनको ज्यान गएको थियो ।

### प्रदेशको ......

गठबन्धनभित्रका नेपाली कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाले मात्र भागबन्डाको तयारी छ । आफ्नो पार्टीका सुदूरपश्चिममा १४, लुम्बिनीमा ४ र मधेसमा १ मत रहेको र उक्त मतभार महत्त्वपूर्ण भएकाले तीनमध्ये एक प्रदेशमा उम्मेदवारी पाउनुपर्ने चौधरीको भनाइ छ । नाउपाले भूमिसुधार मन्त्रालयको नेतृत्व सम्हालिरहेको नाताले कमैया तथा सुकुम्वासीको घरबासको व्यवस्थाबारे पनि प्रधानमन्त्रीसँग परामर्श भएको चौधरीले बताए । देशबाट युवाहरु बाहिरिरहेको भन्दै युवाहरुलाई देशमै रोक्नका निम्ति बाँझो जमिन उपयोग गर्न दिने नीति लिनुपर्ने कुरा राखेको चौधरीको भनाइ छ ।

### आधा मुल्यमा ......

चलनचल्तीमा जग्गा किने भन्दा पनि महंगो देखिएकाले व्यवहारिक नभएको भन्दै कानुन संशोधनको तयारी भएको हो । भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्का अव्यवस्थित बसोबासीलाई राजस्व लिएर जग्गा दिँदा केही व्यवहारिक समस्या देखिएको बारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई जानकारी गराइसकेको बताउँछन् । नियम संशोधन भए आयोगले छिटो काम सकेर लालपुर्जा वितरणलाई तीब्रता दिन सक्ने उनको भनाइ छ । भूमिसम्बन्धी ऐन २०२१ ले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएपनि लामो समयदेखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेकालाई 'अव्यवस्थित बसोबासी' भनेको छ । १० वर्षभन्दा बढी बसोबास र उपयोग गरेको अवस्थामा अव्यवस्थित बसोबासीले तोकिएको राजस्व तिरेर सरकारी स्वामित्वका जग्गाको लालपुर्जा पाउनसक्ने व्यवस्थ भूमिसम्बन्धी ऐनमा गरिएको छ । ऐनको व्यवस्थाअनुसारे राष्ट्रिय भूमि आयोगले स्थानीय तहमार्फत निवेदन आह्वान गरेर अहिले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले उपभोग गरिरहेको जग्गाको विवरण संकलन गरिरहेको छ । विभिन्न स्थानीय तहहरुले विवरण संकलन गरेर आयोगमा पठाइरहेका छन् । दाङको भालुवाङ बजार, जहाँ अव्यवस्थित बसोबासको समस्या धेरै छ । तर, अव्यवस्थित बसोबासीले उपभोग गरिरहेको जग्गाको लालपुर्जा लिन चर्को राजस्व तिनुपर्ने अवस्था देखिएको भन्दै आयोगले भूमिसमबन्धी नियमावलीमा संशोधनको प्रस्ताव गरेको हो । नियमअनुसार अव्यवस्थित बसोबासीले उपभोग गरिररहेको जग्गा विभिन्न सूचकहरुका आधारमा ८ देखि २०० प्रतिशतसम्म सरकारी राजस्व तिरेर लालपुर्जा लिन पाउने अवस्था देखिएको आयोगको ठहर छ । भूमि सम्बन्धी नियमहरु २०२१ ले आर्थिक स्थिति, जीवन निर्वाहको आधार, जीवनयापनको स्तर, बसोबास र आवाद कमोतको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, बसोबासको मूल्यांकन, आवाद कमोतको अवधि र अन्यत्र जग्गा भए/नभएको सूचकहरुका आधारमा अव्यवस्थित बसोबासीलाई ८ प्रकारमा वर्गीकरण गर्ने व्यवस्था गरेको छ । वर्गीकरणका आधारमा जग्गाको तोकिएको राजस्व तिरेपछि मात्र अव्यवस्थित बसोबासीले लालपुर्जा


बांकी पृष्ठ ३


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।














लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी


### तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने

वृष: मनमा पछुतो आउने

मिथून: खानपानमा समस्या आउने

कर्कट: पिछडेको साथी मिल्ने

सिंह: आम्दानी हुने

कन्या: लामो यात्राको योग छ

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: अनावश्यक खर्चको संभावना

धनु: अनावश्यक चिन्ता

मकर: पढाईमा ध्यान दिनुपर्ने

कूम्भ: विचार गरेर बोल्नुहोला

मीन: शुभ कार्यको शुरुवात



### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नोकरीमा वृद्धि भए पनि अस्ट्रेलियामा बेरोजगारी दर ३.९ प्रतिशत पुग्यो

एजेन्सी
क्यानबेरा, २८ मंसिर



नोकरीमा वृद्धि भए पनि अस्ट्रेलियाको बेरोजगारी दर १८ महिनाको उच्चतम स्तरमा पुगेको छ।

अस्ट्रेलियन ब्युरो अफ स्टाटिस्टिक्स (एबिएस) ले बिहीबार प्रकाशित गरेको आधिकारिक श्रम तथ्याङ्कमा आधिकारिक बेरोजगारी दर अक्टोबर मा तीन दशमलव आठ प्रतिशतबाट बढेर तीन दशमलव नौ प्रतिशत भएको उल्लेख छ।

यो सन् २०२२ अप्रिलपछिको सबैभन्दा उच्च बेरोजगारी दर हो । यद्यपि अक्टोबर र नोभेम्बरबीच रोजगारीमा रहेका अस्ट्रेलियालीहरूको सङ्ख्या ६१ हजारले बढेको एबिसीको आँकडामा उल्लेख छ । उक्त वृद्धिको भर्पाइ सहभागिता दरमा भएको वृद्धिबाट भएको छ र यसले कामकाजी उमेरको जनसङ्ख्याको अनुपातलाई मापन गर्दछ । कार्यरत वा सक्रियरूपमा कामको खोजीमा रहेका मानिसको सङ्ख्या अक्टोबरमा ६७ प्रतिशतबाट बढेर ६७ दशमलव दुई प्रतिशतको कीर्तिमानी स्तरमा पुगेको छ।

# ‘भुल भुलैया ३’मा हुन सक्छ अभिनेत्री पलकको इन्ट्री

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २८ मंसिर



कार्तिक आर्यन अभिनीत फिल्म ‘भुल भुलैया २’ गतवर्ष रिलिज भएको थियो । फिल्मले राम्रो व्यवसाय गरेको थियो । त्यसैले पनि यसका निर्देशक अनिस बज्मी र निर्माता भुषण कुमार अर्को सिक्वेल अर्थात ‘भुल भुलैया ३’को तयारी गरिरहेका छन्।

यस्तैमा फिल्ममा अभिनेत्री पलक तिवारी भित्रिन लागेको खबर बाहिर आएको छ। फिल्मसँग नजिक सूत्रका अनुसार निर्माण युनिट पलकलाई फिल्ममा भित्र्याउने पहलमा छन्। फाइनल भएपछि अफिसियल्ली सार्वजनिक हुनेछ।

पलकले सलमान खान अभिनीत फिल्म ‘किसीकी भाई किसिकी जान’बाट अभिनयमा डेब्यु गरेकी थिइन्। केही दिन अगाडि फिल्ममा आर्यनको अपोजित भूमिकामा सारा अलि खान हुने सार्वजनिक गरिएको थियो। कार्तिक र साराले यस अगाडि २०२० मा रिलिज भएको फिल्म ‘लव आज कल’मा काम गरेका थिए । फिल्मको दौरानमा दुबैबिच प्रेम पनि थियो। अहिले ब्रेकअफ भैसकेको छ। फिल्ममा अभिनेत्री तब्बु पनि देखिनेछिन्। तब्बुले ‘भुल भुलैया २’मा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन्। मिडिया रिपोटका अनुसार हरर कमेडी ‘भुल भुलैया ३’ फेब्रुअरी २०२४ मा फ्लोरमा जानेछ।

# राष्ट्रिय अर्थतन्त्र बलियो बनाउन हस्तकला क्षेत्रको योगदान उल्लेखनीय छ : उद्योगमन्त्री रिजाल

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २८ मंसिर



उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी मजबुत राष्ट्रिय अर्थतन्त्र बनाउन हस्तकला क्षेत्रको योगदान उल्लेखनीय रहेको बताएका छन् ।

बिहीवार काठमाडौँमा नेपाल हस्तकला महासंघले आयोजना गरेको २० औं हस्तकला व्यापार मेलामा बोल्दै उद्योग मन्त्री रिजालले यस्तो बताएका हुन् ।

उनले हस्तकला व्यवसायीहरुलाई सरकार सहयोग गर्न प्रतिवद्ध रहेको उल्लेख गरे । ‘नेपाली हस्तकला क्षेत्रले हस्तकला बस्तुहरुको माध्यमबाट देशको कला र संस्कृतिको प्रतिनिधित्व गर्नुको साथै अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको पहिचान एवम् गरिमालाई उच्च राख्न पुर्याएको योगदान प्रशंसनीय छ’ उनले भने, ‘हस्तकला क्षेत्रले नेपालको आर्थिक र समाजिक विकासको साथै रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउनमा हस्तकला वस्तुहरुको उल्लेखनीय योगदान रहेको छ । सरकार हस्तकला उद्योग व्यवसायीहरुलाई सहयोग गर्न प्रतिवद्ध छ ।’

# वार्नरको उत्कृष्ट शतकसँगै अस्ट्रेलिया विशाल योगफलतर्फ

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २८ मंसिर



पाकिस्तानविरुद्धको पहिलो टेस्ट क्रिकेटको पहिलो दिन बिहीबार घरेलु टोली अस्ट्रेलियाले पाँच विकेट गुमाएर तीन सय ४६ रन बनाएको छ। पर्थमा जारी पहिलो टेस्टको पहिलो दिन ८४ ओभर मात्र खेल सम्भव भएको थियो । ओपनर ब्याट्सम्यान डेविड वार्नर लयमा देखिएपछि पहिलो पालीमा अस्ट्रेलियन टोली विशाल लक्ष्यतर्फ अगाडि बढेको हो । वार्नरले टोलीका लागि एकसय ६४ रनको योगदान गरे। लामो समय क्रिजमा संघर्ष गरेका वार्नरले दुई सय ११ बलमा चार छक्का र १६ चौका हिर्काएका थिए ।

उनी ७४.५ ओभरमा पाँचौं विकेटका रूपमा पेभेलियन फर्किएका थिए । उनलाई पाकिस्तानी बलर आमिर जमालले ईमाम उल हकद्वारा क्याच गराएका थिए । वार्नर र उसमान ख्वाजाले ओपनिङ विकेटका लागि एक सय २६ रनको साझेदारी गरेका थिए । उसमान ख्वाजाले पनि टोलीका लागि ४१ रनको योगदान गरे । उनले ९८ बलको सामना गरी ६ चौका पनि हिर्काएका थिए । तेस्रो नम्बरका ब्याट्सम्यान मार्नर लाम्बुसेन भने १६ रनको ब्यक्तिगत स्कोरमै पेभेलियन फर्किएका थिए। चौथो नम्बरका क्रिज समाल्न आएका स्टिभन स्मिथले टोलीको खातामा ३१ रन थपे । उनले ६० बलको सामना गरी चार चौका पनि हिर्काए । ट्राभिस हेडले पनि टोलीका लागि ४० रनको योगदान गरे । उनले ५३ बलमा ६ चौका प्रहार गरे । पहिलो दिनको खेल सकिँदासम्म मिचेल मार्स अविजित १५ र विकेटकिपर ब्याट्सम्यान एलेक्स केरी अविजित १४ रन बनाउँदै क्रिजमा छन् । अस्ट्रेलियाले अतिरिक्त रूपमा पनि २५ रन पाएको छ । भ्रमणकारी टोलीका बलर जमालले दुई तथा साहिन शाह अफरिदी, खर्रम सहजाद र फाहिम असरफले एक-एक विकेट लिए ।

आधा मुल्यमा .....

पाउँछन् । ‘तर, बैंकको धितो र सम्पत्तिको मूल्यांकन बढाउन र भूमिसम्बन्धी राजस्वहरु वृद्धि गर्न स्थानीय तह र जिल्लास्तरको जग्गाको न्युनतम् मूल्य निर्धारण समितिले सबैजसो क्षेत्रका जग्गाको मूल्यांकन उच्च राखेका छन’, खड्का भन्छन्, ‘यसले कतिपय क्षेत्रमा चलिआएको भन्दा पनि महँगो मूल्य तिरेर लालपुर्जा लिनुपर्ने अवस्था आयो, त्यसैले मूल्यांकन घटाउनुपर्छ भनिएको हो ।’ नियम संशोधन भए अव्यवस्थित बसोबासीले हाल लालपुर्जा लिन दिर्नुपर्ने राजस्व २०० प्रतिशतबाट घटेर १३५ प्रतिशत कायम हुने उपाध्यक्ष खड्काको दाबी छ । ‘हामीले माग गरेअनुसार नियम कानुन संशोधन भयो भने त्यसको एक देखि दुई महिनाभित्र एकदेखि डेढ लाख भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्न सक्छौं’, उनले भने, ‘राजस्व घटाउन सकियो भने व्यवहारिक दरको राजस्व तिरेर लालपुर्जा लिन पाउँछन् ।’


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।







धनुषाधाम नगरपालिकाको कार्यालय, धनुषा

## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



आकर्षणको अर्को मालदार अड्डा

# स्थानीय तहको प्रशासकीय प्रमुख बन्न मारामार, भन्सार र मालपोतजस्तै आकर्षण !

–अजय अनुरागी

बाराको सिम्रौनगढ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने कि नगराउने भन्ने विषयमा द्वन्द्व हुँदा प्रहरीले चलाएको गोली लागेर एक जनाको ज्यान गयो। गोली लागेर घाइते लक्ष्मी मुखियाको मंसिर २७ गते उपचारका क्रममा ज्यान गएको हो । उनको घर बाराको सिम्रौनगढ- १ मा पर्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले महेशकुमार मिश्रलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा मंसिर २२ गते सरुवा गरेको थियो। मंसिर २७ गते उनी कार्यालयमा पुग्दा हाजिर गराउने कि नगराउने भनी दुई पक्षबीच विवाद हुँदा झडपको स्थिति नै आयो। झडपलाई नियन्त्रणमा लिनका लागि प्रहरीले गोली प्रहार गर्दा केही स्थानीय घाइते भए भने मुखियाको ज्यान नै गयो। मिश्र यसअघि बाराकै पचरौता नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत थिए । ६ महिनाअघि नै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उनको सिम्रौनगढ नगर पालिकामा सरुवा गरेको थियो। तर, त्यहाँका पचरौता नगरपालिका प्रमुख जालन्धर सिंहले मिश्रलाई रवाना नै दिएनन्। सिंह र मिश्रबीच 'केमेस्ट्री' मिलेका उनीहरू सरुवाको निर्णय लत्याएका थिए। २०८० जेठ १४ गते मन्त्रालयले उपसचिव प्रकाश खनाललाई सिम्रौनगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बनाएर सरुवा गरेको थियो, तर उनलाई हाजिर हुन दिइएन। यस बीचमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० असोज ७ गते सिम्रौनगढ नगर पालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासिनीविरुद्ध ६ लाख ५८ हजार ४४० रुपैयाँको भ्रष्टाचार मुद्दा दायर गर्‍यो। मरासिनी निलम्बित भएका कारण सिम्रौनगढ नगरपालिकामा २०८० असोज १४ गते शाखा अधिकृत रञ्जुजंग अधिकारीलाई मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतको रूपमा सरुवा गरेको थियो। अधिकारीलाई पनि हाजिर हुन दिइएन। त्यसपछि मन्त्रालयले त्यही पालिकामा कार्यरत सातौं तह (स्वास्थ्यतर्फ)का शाखा अधिकृत जयनारायण रायलाई १ महिनाका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको थियो। २०८० जेठ १० गते बाराकै महागढीमाई नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम भट्टराईलाई सिम्रौनगढ पनि हेर्नेगरी दोहोरो जिम्मेवारी दिइएको थियो। २०७८ कात्तिक २३ गतेदेखि सातौं तहका स्वास्थ्यतर्फका अधिकृत हरिओम प्रसाद जयसवालले निमित्त प्रमुख प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्दै आएका छन्। मदनकुमार थापा जिल्ला शिक्षा अधिकारी भएर काम गरिसकेका कर्मचारी हुन्। अहिले उनी आफूलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाइदिन भन्दै दिनहुँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय धाइरहेका छन्। शिक्षातर्फका उपसचिव थापा २०७६ सालमा स्थानीय तहमा समायोजन भएर गएका थिए। त्यतिबेला उनलाई सप्तरीको राजविराज नगरपालिकामा शिक्षा शाखा प्रमुख हुने गरी समायोजन गरिएको थियो। त्यसपछि उनी २०७९ सालमा सर्लाहीकै बरहथवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा सरुवा भएका थिए। अहिले त्यहाँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रशासनतर्फका उपसचिव ऋषि प्रकाश सिटौलालाई पठाएको छ। सिटौला त्यहाँ हाजिर भएर काम पनि गरिरहेका छन्। तर, थापा भने आफूभन्दा जुनियर उपसचिवको मातहतमा काम गर्न नसक्ने भन्दै सिटौलालाई फिर्ता बोलाउनु पर्ने वा अन्यत्र सरुवा गरिदिए आफूलाई नै प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न दिनुपर्ने भनेर मन्त्रालय धाइरहेका छन्। हरिवन नगर पालिकामा मेयरको पनि सहमति लिइसकेको भन्दै उनले काजमै भए पनि प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाउन माग गरिरहेका छन्। स्थानीय तहमा समायोजन भइसकेका कर्मचारीलाई अन्तरपालिका सरुवा गर्न मधेश प्रदेशमा कानून नरहेकाले सरुवा गर्न नमिल्ने जवाफ कर्मचारी प्रशासन महाशाखाले दिने गरेको छ। २०८० मंसिर २७ गते, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कर्मचारी प्रशासन महाशाखा प्रमुख रामकुमार महतोको कार्यकक्षमा भीडभाड थियो। धादिङको गल्छी गाउँपालिकाका उपाध्यक्षसहितका केही जनप्रतिनिधिले महतोसँग प्रमुख प्रशासकीय अधिकृतलाई किन फिर्ता बोलाएको भनेर प्रश्न गरिरहेका थिए। 'हामीले मन्त्रीज्यू, सचिवज्यू सबैलाई भेटेर भनिसकेका छौं। पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाका स्वकीय सचिव भानु देउवाले पनि फोन गरेर भनिसक्नुभएको छ। हामीले भनेको मान्छे तुरुन्त पठाइदिनुपर्‍यो,' प्रतिनिधिमण्डलका सदस्यहरूले महतोसँग भने। गल्छीमा अध्यक्ष एमालेले जिते पनि उपाध्यक्षसहित बहुमत वडाध्यक्ष सत्ता गठबन्धन (कांग्रेस-माओवादी)का छन्।

यसअघिका प्रमुख प्रशासकीय अधिकृतलाई ६ महिना पनि बस्न नदिएर मन्त्रालयले फिर्ता गरिएको र अहिले नयाँ प्रमुख प्रशासकीय अधिकृत गएको १ महिना नबित्दै फेरि फिर्ता ल्याइएको गुनासो प्रतिनिधिमण्डलको थियो। 'तपाईंहरूले मन्त्रीज्यू, सचिवज्यू साथै शीर्ष नेताहरूकोमै पहिले पुगेर मलाई फलानो व्यक्ति नै चाहिन्छ भनेर भनिसक्नुभएको छ। ठिकै छ, यस विषयमा म पनि मन्त्रीज्यू, सचिवज्यूसँग सल्लाह गरेर काम गर्ने व्यक्तिलाई पठाउँछु' महतोले नम्र शैलीमा भने, 'समस्या नै के हो भने हामीले ल्याएको प्रमुख प्रशाकीय अधिकृत हो भनेर तपाईंहरूले भन्नुहुँदोरहेछ, मन्त्रालयले पठाएको भनेर भन्नुहुन्न, त्यसकारण अध्यक्ष/उपाध्यक्ष, मेयर/उपमेयरबीच टसल हुँदोरहेछ।' 'प्रमुख प्रशासकीय अधिकृतको अख्तियारीको स्रोत नै मेयर/अध्यक्ष हुने भएकाले प्रमुख प्रशासकीय अधिकृत चलाउन उपमेयर/उपाध्यक्षले पालिकामा टसल गर्नु नहुने बताए। झन्डै १५ मिनेटको कुराकानीपछि गल्छीका प्रतिनिधि बाहिरिए। लगत्तै एकजना शाखा अधिकृत नमस्कार भन्दै भित्र छिरे। आफूलाई धनुषाको हंशपुर नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा पठाइदिनुपर्‍यो भन्ने उनको आग्रह थियो। त्यहाँबाट सहमति लिनुभएको छ भनेर महतोले प्रतिप्रश्न गर्दा उनले सहमति ल्याएको बताए। त्यहाँ नभए अन्यत्र भए पनि सरुवा गरिदिनुपर्ने उनको माग थियो। महतोले उनको नामसहितको विवरण डायरीमा टिपेर बिदा गरे। ती कर्मचारी बाहिरिएलगत्तै अर्का एक शाखा अधिकृत पनि सरुवाको माग लिएर भित्र छिरे। 'कालिकोटमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत छु। दुर्गममा काम गरेको ५ वर्ष भयो, ' ती कर्मचारीले महतोसँग भने, 'दुर्गमबाट सुगममा सरुवाका लागि आवेदन खुल्दा मैले आवेदन पनि दिएको थिएँ, तर मेरो सरुवा भएन। मेरो नाकमा पनि समस्या भएको छ। उपचार गराउनुपर्ने भएकाले काठमाडौंमा मिलाइदिनुपर्‍यो।' महाशाखा प्रमुख महतोले 'हुन्छ, म मिलाउँछु' भन्ने जवाफ दिए। फेरि सिरहाको लहानमा पठाइदिनुपर्‍यो भन्दै अर्का एक कर्मचारी पुगेका थिए। यसरी झन्डै आधा घण्टामा मात्र ५ देखि ७ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको सरुवाका लागि कर्मचारीदेखि जनप्रतिनिधिसम्म डेलिगेसन आए। माथि उल्लेख गरिएका केही घटना प्रतिनिधिमूलक मात्र हुन्। स्थानीय तहमा कार्यरत रैथाने स्वास्थ्य, शिक्षातर्फका कर्मचारी जसरी पनि मेयर/अध्यक्षको आडमा निमित्त प्रमुख प्रशासकीय अधिकृत बन्न खोज्छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कर्मचारी प्रशासन महाशाखाको नेतृत्व गरिसकेका सुमन दाहाल स्थानीय तहमा दुईखाले प्रवृत्ति देखिएको बताउँछन्। 'जुन पालिकामा मेयर/अध्यक्ष बहुमतमा छन्, वा अल्पमतमा भए पनि राजनीतिक रूपमा होल्ड कायम राखेका छन्, त्यस्ता पालिकामा जो पनि प्रमुख प्रशासकीय अधिकृत भएर जान चाहन्छन्, मरिहत्ते नै गर्छन्,' दाहालले भने, 'तर, जहाँ मेयर/अध्यक्ष एउटा राजनीतिक दलको र उपमेयर/उपाध्यक्ष अर्को राजनीतिक दलको छन्, त्यस्ता पालिकामा बढी विवाद हुने, सरुवा भएर गएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नै हुन नदिने समस्या छ।' सर्लाहीको हरिपुर्वा नगरपालिकामा नेपाली कांग्रेसको बहुमत छ, तर पनि त्यहाँ विचलन रहेको उनले बताए। 'रौतहटको वृन्दावन नगरपालिकामा मेयर नेकपा एसको र उपमेयर नेकपा माओवादी केन्द्रको छ। तर, उपमेयरलाई नेपाली कांग्रेसले साथ दिँदा नेकपा एस अल्पमतमा परेपछि कांग्रेस र माओवादीले त्यहाँ जाने प्रमुख प्रशासकीय अधिकृतलाई बस्न/टिक्न नै दिँदैनन्,' दाहालले लोकान्तरसँग भने, 'सर्लाहीको हरिपुर नगरपालिकामा जतिबेला पनि शम्भु यादव नै प्रमुख प्रशासकीय अधिकृत बन्न खोज्छन्। त्यहाँको मेयरले पनि उनलाई नै लैजान खोज्छन्, तर खानेपानी मन्त्री महिन्द्र राय यादव उनलाई लैजान खोज्दैनन्। त्यसकारण त्यहाँ पनि विवाद छ।' स्थानीय तहको चुनावताका जनप्रतिनिधिहरूले आ-आफ्ना कार्यकर्तालाई विभिन्न योजना दिने भनेर आश्वासन दिएका थिए। अहिलेका जनप्रतिनिधि निर्वाचित भएको दुई वर्ष हुन लागिसके पनि पुराना बिल समेत भुक्तानी गराउन खोज्दा कतिपय प्रमुख प्रशासकीय अधिकृत बस्न नमानेको उनले बताए। 'नुवाकोटको एउटा पालिकाका मेयरले दिनहुँ खाने रक्सीको बिल समेत भुक्तानीका लागि पठाउने गर्दा रहेछन्। त्यो रकम कसरी भुक्तानी गर्ने भनेर प्रमुख प्रशासकीय अधिकृतले नमान्दा उनलाई मेयरले लखेटेका छन्,' दाहालले थपे, 'जितपुर-सिमरा उपमहानगरमा पनि गत वर्षको झन्डै २ करोडको बिल भुक्तानी गर्न दबाब दिएपछि त्यहाँ प्रमुख प्रशासकीय अधिकृत बस्न नै मान्दैनन्।' स्थानीय तहमा थरिथरिका कर्मचारी हुने र भर्खर शाखा अधिकृतमा पास भएकाहरू प्रमुख प्रशासकीय अधिकृतको रूपमा जाँदा पनि समस्या हुने गरेको पाइएको छ। स्थानीय तहमा संघबाट समायोजन भएर गएका कर्मचारी, पालिकाले लोक सेवा आयोगबाट मागेका कर्मचारी, पालिकाले पहिल्यैदेखि करारमा राखेका कर्मचारी, अर्को पालिकाबाट समायोजन भएर गएका कर्मचारी, पहिल्यैदेखि विभिन्न कार्यक्रममा रहेका अस्थायी सामाजिक परिचालकहरू, शिक्षा, स्वास्थ्य, कृषि, वन, भेटेरिनरी आदि समूहका गरी थरिथरि कर्मचारी छन्। 'पहिल्यै जिल्ला शिक्षा अधिकारी भएका, जनस्वास्थ्य अधिकृत भएका, कृषि, वन आदिका हाकिम भएर चलाएका पुराना कर्मचारीहरूले भर्खर पास भएर जाने युवक शाखा अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा सहयोग नै नगर्ने हुनाले पनि समस्या देखिएको हो,' दाहालले भने, 'मेयर/अध्यक्ष आदिको अनुकूल हुनेगरी काम गरिदिन्छु भन्दै शिक्षा, स्वास्थ्य, कृषितर्फका कर्मचारीहरू उजुरी गरिदिने, मन्त्रालयले पठाएकालाई लखेट्ने र आफैं निमित्त भएर चलाउँछु भन्ने प्रवृत्तिका कारण पनि समस्या देखिन्छ।' स्थानीय तहलाई राम्ररी बुझेका सुशासनविद् गुरु सुवेदी भने स्थानीय तहमा सकारात्मक र नकारात्मक दुवै तरिकाले कर्मचारीहरू उत्प्रेरित भएर प्रमुख प्रशासकीय अधिकृत बन्न खोजेको बताउँछन्। त्यसका विभिन्न आधारहरू उनले सुनाए। 'पहिलो त प्रमुख प्रशासकीय अधिकृत भएर जाने कर्मचारी पालिकाको कर्मचारीतन्त्रको फर्स्ट म्यान हुन्छ। त्यो आफैंमा एउटा आकर्षण हो। फर्स्ट म्यान भएर काम गर्न पाइयो। मन्त्रालयमा पफर्मेन्स देखाउन पाइयो। भोलि केही इन्नोभेटिभ आइडिया ड्रप गरेर सामाजिक विकासमा केही परिवर्तन आयो भने त्यसमा कन्ट्रिब्युट गरें भन्न पाइयो। त्यसकारण पोजिटिभ आस्पेक्टबाट पनि धेरै कर्मचारीहरू प्रमुख प्रशासकीय अधिकृत बन्न चाहन्छन्,' सुवेदीले लोकान्तरसँग भने। अहिले नेपालको ब्युरोक्रेसीमा पैसाको आकर्षण बढेको हुनाले पनि प्रमुख प्रशासकीय अधिकृत बन्न मारामार पर्ने गरेको अर्को पाटो समेत उनले खुलाए। 'पालिकामा लाखौं/करोडौंको खरिद हुन्छ। खरिद भनेको सामान किन्नु मात्र होइन, ठेक्का, परामर्श, सेवा आदि पनि खरिद नै हो। त्यहाँ पैसाको आकर्षण हुने नै भयो,' सुवेदीले थपे, 'त्यसकारण अहिले पैसाकै लागि धेरै मरिहत्ते गर्ने, बाहिर-बाहिर दलाललाई पैसा बुझाएर प्रमुख प्रशासकीय अधिकृत बनेर जान खोज्ने प्रवृत्ति बढेको समेत सुनिएको छ।' स्थानीय तहमा रकम धेरै गइरहेकाले पनि प्रमुख प्रशासकीय अधिकृतमा आकर्षण बढेको उनको तर्क छ। 'एकतन्त्रीय प्रणालीभन्दा अहिले संघीय प्रणालीमा स्थानीय सरकारलाई शक्तिशाली र बलियो बनाइएको छ। पैसा ट्रान्सफर पनि ठूलै परिमाणमा भएको छ,' सुवेदीले थपे,'राज्यकोषबाट करिब ३० देखि ३२ प्रतिशत रकम स्थानीय सरकारलाई गइरहेको छ। मान्छेले कामभन्दा पनि व्यक्तिगत लाभ मात्र हेर्न थालेकाले व्यक्तिगत लाभकै लागि अहिले मारामार भएको हो।' एउटा स्थानीय तहमा कम्तीमा ५० करोडदेखि अर्बौंसम्म बजेट जाने गरेको छ।

साभार : लोकान्तर




## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।








जलेश्वर नगरपालिकाको कार्यालय,जलेश्वर,महोत्तरी


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday